**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ अगस्त २०२४

समयः १४:४० - १४:५० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आकाशवाणीमा मनकी बात कार्यक्रमबाट राष्ट्रलाई सम्बोधित गर्नुहुँदै भन्नु भएको छ कि विगत वर्ष आजकै दिन चन्द्रयान-3 ले चन्द्रमाको दक्षिणी भागमा शिवशक्ति विन्दुमा सफलतापूर्वक ल्याण्डिङ गरेको थियो।
- मङ्की पक्स भाइसको संक्रमणको खतरा बढिरहेकोमा महाराष्ट्र सरकारको स्वास्थ्य विभागले पुणे जिल्लामा निवारणका उपायहरू गरिरहेको छ।
- केन्द्रीय युवा मामिला अनि खेलमन्त्री डा. मनसुख माण्डवियाले नागरिकहरूसित आगामी 29 तारिख राष्ट्रीय खेल दिवसको अवसरमा एक घण्टाको निम्ति आउटडोर खेलमा भाग लिने आग्रह गर्नु भएको छ।
- कोलकाताको आरजी कर मेडिकल कलेज अनि अस्पतालमा वित्तीय अनियमितताहरूको मामिलामा सीबीआईले विभिन्न स्थानहरूमा छानबिन गरेको छ।
- भारतीय सर्फिङ टीमले इतिहासमा पहिलोपल्ट आगामी एशियाली खेलकुद 2026 मा आफ्नो स्थान पक्का गरेको छ।

**पीएम-मन की बात**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभयो कि देशका युवाहरुलाई अंतरिक्ष क्षेत्रमा सुधारहरुद्वारा धेरै लाभ पुगेको छ। आज आकाशवाणीबाट मन की बात कार्यक्रममा राष्ट्रलाई संबोधित गर्नुहुँदै प्रधानमंत्रीले देशमा धेरै यस्ता कार्यहरु भइरहेको जसद्वारा विकसित भारत अझ सशक्त बनीरहेको बताउनुभयो। उहाँले यस महीना 23 तारीखको दिन देशवासीले प्रथम राष्ट्रीय अंतरिक्ष दिवस मनाएको अनि चंद्रयान-३ को सफलताको खुशि मनाएको कुरो पनि बताउनुभयो। श्री मोदीले स्पेस टैक स्टार्टअप गैलेक्सआईको सदस्यहरुसित कुराकानी पनि गर्नुभयो। यस स्टार्टअप लाई आईआईटी मद्रासका पूर्व छात्राहरुले शुरू गरेका थिए। प्रधानमंत्रीले स्पेस इको-सिस्टम धेरै जीवंत भइरहेको कुरो पनि बताउनुभयो।

**बाइट**

श्री मोदीले यस वर्ष लालकिलाबाट आफुले गैर राजनैतिक पृष्ठभूमि भएका एक लाख युवाहरुसित राजनैतिक व्यवस्थामा जोड़िने आह्वान गर्नुभएको बताउनुभयो। यसको युवाहरुमा ठुलो प्रभाव अनि धेरै संख्यामा युवाहरु राजनीतिमा प्रवेश गर्नको लागि तयार रहेको पनि प्रधान मंत्रीले बताउनुभयो।

**बाइट**

हर घर तिरंगा अभियान बारे मा प्रधानमंत्रीले भन्नुभयो कि जम्मू कश्मीरको रियासीमा सात सय 50 मीटर लामो ध्वज को साथमा चिनाब रेलवे पुलबाट तिरंगा रैली निकालिएको थियो। यो विश्वको सबै भन्दा अग्लो रेलवे पुल रहेको पनि श्री मोदीले बताउनुभयो। उहाँले भन्नुभयो कि देशका अन्य राज्यहरुमा पनि प्रत्येक उमेरका मानिसहरु तिरंगा यात्राहरुमा शामिल भए। प्रधानमंत्रीले स्वतंत्रता दिवस अब सामाजिक पर्व बन्दै गइरहेको पनि बताउनुभयो।

**बाइट**

मानव अनि पशुहरु बीच प्रेमको बंधनको उल्लेख गर्नुहुँदै प्रधानमंत्रीले असमको तिनसुकिया जिलाको सानो गांव बारेकुरीमा मोरान समुदायका मानिसहरुको **हूलॉक गिबन्स** अथार्त **होलो बाँदर**सित गहिरो संबंध रहेको पनि बताउनुभयो। यसरीनै श्री मोदीले अरूणाचल प्रदेशका केही युवाहरुले सींग अनि दांतको लागि वन्य जीवहरुलाई बचाउनका लागि थ्री-डी प्रिंटिंग प्रौद्योगिकीको प्रयोग गर्न शुरू गरेको पनि बताउनुभयो।

प्रधानमंत्रीले मानिसहरुसित कैच द रेन मूवमेंट अनि 'एक पेड़ मां के नाम' अभियानमा भाग लिने आग्रह पनि गर्नुभयो।

उहाँले देशवासीहरुसित अधिक भन्दा अधिक बिरुवा रोप्ने अनुरोध गर्नुभएको छ।

**बाइट**

प्रधानमंत्रीले जीवनमा फिटनेस धैरै महत्वपूर्ण रहेको पनि बताउनु हुँदै स्वस्थ बस्नका लागि मानिसहरुले योगलाई अपनाइरहेको पनि बताउनुभयो। उहाँले नानीहरुको पोषण देशको प्राथमिकता रहेको पनि बताउनुभयो।
प्रधानमंत्री मोदीले आगामी केही दिनमा पेरिसमा पैरालिम्पिक्स शुरू भइरहेको अनि मानिसहरुसित हैश टेग चीयर फॉर भारतद्वारा खेलाड़िहरुलाई प्रोत्साहित गर्ने आग्रह पनि गर्नुभएको छ।

**बाइट**

प्रधानमंत्री आगामी त्यौहारहरु - जन्माष्टमी, गणेश चतुर्थी, ओणम, मिलाद-उन-नवी अनि तेलुगु भाषा दिवसको लागि मानिसहरुलाई बधाई पनि दिनुभएको छ।

****** ० ******

**<u>पूणे- मंकी पक्स</u>**

जुन प्रकारले एम.पक्स भाइरसको संक्रमणको खतरा बढ़ी रहेको छ राज्य स्वास्थ्य विभागद्वारा पुणे जिल्लामा निवारणको उपायहरू गरिन्दैछ। विगतका ६ दिनमा पुणे हवाई अड्डामा सिंगापुर अनि दुबईबाट आएका ५ सय ३१ जना यात्रीहरूको जाँच गरियो। यी यात्रीहरूमा कसैलाई पनि संदिग्ध बिमारी भेट्टाइएन। यद्यपि सतर्कताको निम्ति स्वास्थ्य विभागले स्पष्ट गरेको छ कि हवाई अड्डामा आउने यात्रीहरूमा संक्रमण छ वा छैन त्यसको जाँच गरिनेछ। निजी अस्पतालहरूलाई निर्देश दिएको छ कि संदिग्ध बिरामीको सूचना नगरपालिका स्वास्थ्य विभागलाई दिने अनि बिरामीको रगतको नमूना परिक्षणको निम्ति राष्टीय विषाणु विज्ञान संस्थानमा पठाइयोस्। पुणे नगर निगमको स्वास्थ्य विभागका प्रमुख डा. निना बोराडेले बताउनु भएको छ कि यस सम्बन्धमा निजी डाक्टरहरूको संघलाई पनि एउटा पत्र पठाइएको छ।

****** ० ******

**<u>खेलमन्त्री माण्डविया</u>**

केन्द्रीय युवा मामिला अनि खेलमन्त्री डा. मनसुख माण्डवियाले नागरिकहरूसित आगामी 29 तारिख राष्ट्रीय खेल दिवसको अवसरमा एक घण्टाको निम्ति आउटडोर खेलमा भाग लिने आग्रह गर्नु भएको छ।

****** ० ******

**<u>मन्त्रीमण्डल- वैष्णव</u>**

एकीकृत पेन्शन योजनालाई मन्जूरी दिएकोमा सरकारी कर्मचारीहरूले केन्द्रीय मन्त्रीमण्डलका निर्णयलाई स्वागत गरेको छ जसमा पेन्शनको गारन्टी दिएको छ। कर्मचारीहरूले यस मुद्दामाथि विचार विमर्शको निम्ति अवसर प्रदान गरेकोमा प्रधानमन्त्रीलाई धन्यवाद दिएको छ। सरकारी कर्मचारी संगठनका संयुक्त सचिव शिव गोपाल मिश्राले बताउनु भयो प्रधानमन्त्रीले उहाँलाई भेटघाटको निम्ति आमन्त्रित गर्नुभएको थियो। श्री मिश्राले भन्नुभयो, प्रधानमन्त्रीले संगठनलाई आमन्त्रित गर्नुभएको यो पहिलो पटक हो।

केन्द्रीय मन्त्रीमण्डलले हिज सरकारी कर्मचारीहरूको निम्ति एकीकृत पेन्शन योजनालाई मन्जूरी दियो। सूचना अनि प्रसारण मन्त्री अश्विणी वैष्णवले मन्त्रीमण्डलको बैठक पछि हिज नयाँ दिल्लीमा बताउनुभयो, यस योजना अन्तर्गत न्यूनतम २५ वर्षको सेवा पूरा गर्ने कर्मचारीहरूलाई अन्तिम १२ महिनाको मूल वेतनको औसत पचास प्रतिशत राशीको दरले पेन्शन दिइनेछ। यसको अतिरिक्त कर्मचारीको मृत्यु पछि परिवार पेन्शनको साठी प्रतिशत कर दिइएको छ। न्यूनतम १० वर्षको नोकरी पछि सेवानिवृत्त भएमा कम्तीमा दश हजार रुपियाँको पेन्शनको गारण्टी हुनेछ। सुनिश्चित पेन्शन, परिवार पेन्शन अनि न्यूनतम पेन्शनमाथि महंगाई भत्ता पनि दिइनेछ जो औद्योगिकी कर्मचारीहरूमाथि लागू अखिल भारतीय उपभोक्ता मूल्य सूचकाँकमाथि आधारित हुनेछ। सेवानिवृत्ति पछि उपदान यानी गेंच्युटी अतिरिक्त एक मुष्ठ राशीको भुगतान पनि गरिनेछ। श्री वैष्णवले भन्नुभयो, यस योजनाबाट लगभग २५ लाख सरकारी कर्मचारीहरूलाई लाभ पुग्नेछ। यस योजना आउँदो वर्षको पहिलो अप्रेलदेखि लागू हुनेछ।

श्री वैष्णवले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतमा भएको केन्द्री मण्त्रीमण्डलको बैठकमा अर्थव्यवस्था, पर्यावरण अनि रोजगार नीतिको निम्ति अर्थव्यवस्था, पर्यावरण अनि नियोजन नीति सम्बन्धी जैव-प्रौद्योगिकी नीतिलाई स्वीकृति दिएको छ जसमा क्षेत्र विशेषको निम्ति अनुसन्धान अनि उद्यमितालाई बढ़ावा मिल्नेछ।

**बाइट**

मन्त्रीमण्डलले तीन प्रमुख योजनाहरूलाई पनि जारी राख्ने मन्जूरी दिएको छ जसलाई विज्ञान धारा योजनामा सामेल गरिदिएको छ। यस योजनामा विज्ञान अनि प्रौद्योगिकी सांस्थानिक तथा मानव क्षमता निर्माण, अनुसन्धान अनि विकास तथा नवाचार, प्रौद्योगिकी विकास अनि तैनाथी सामेल रहेको छ।

****** ० ******

**आर जी कर-सीबीआई**

कोलकाताको आर जी कर मेडिकल कॉलेज अनि अस्पतालमा वित्तीय अनियमितताहरुको मामिलामा सीबीआईले आज बिहान 15 स्थानहरुमा छानबीन गरेको छ। आरजी कर का पूर्व प्राचार्य डॉ. संदीप घोष सित सीबीआई को एउटा दलले उनको आवासमा पूछताछ गरि रहेको छ। सीबीआई दलको साथ केंद्रीय दल अनि कोलकाता पुलिस पनि उपस्थित छन्। यस बाहेक एसीबीआई का अन्य दल आरजी कर प्रोफेसर डॉ. देबाशीष सोमए पूर्व चिकित्सा अधीक्षक अनि उप प्राचार्य डॉ. संजय वशिष्ठ अनि चिकित्सा आपूर्तिकर्ता बिप्लब सिंहसित उनीहरुको आवासमा पूछताछ गरिरहेका छन्

****** ० ******

**सर्फिङ**

भारतीय सर्फिङ टीमले इतिहासमा पहिलोपल्ट आगामी एशियाली खेलकुद 2026 मा आफ्नो स्थान पक्का गरेको छ।

****** ० ******

************